# मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

मिति : २०८०।०६।१७

## प्रेस विज्ञप्ति

**प्रधानमन्त्री पुष्पकमल दाहाल तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) का प्रमुख कार्यकारी अधिकृत श्री एलिस पी. अल्ब्राइट एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गरेको अवसरमा आयोजित विशेष समारोहमा सहभागी**

**काठमाडौं ।** सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) का प्रमुख कार्यकारी अधिकृत श्री एलिस पी. अल्ब्राइट नेपाल सरकारको लगानी तथा एमसीसीको अनुदान रहेको एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गरेको अवसरमा एमसिए-नेपालद्वारा आयोजित विशेष समारोहमा सहभागी हुनुभयो ।

माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत र एमसीसीका कम्प्याक्ट कार्यसञ्चालनसम्बन्धी उपाध्यक्ष श्री क्यामरोन अल्फोर्डले एक पत्र आदानप्रदान गर्दै गत भदौ १३ गते उक्त पाँच वर्षे कार्यक्रम कार्यान्वयन चरणमा प्रवेश (EIF) गरेको घोषणा गर्नुभएको थियो । कार्यान्वयन चरणमा प्रवेशसम्बन्धी घोषणाले पाँच वर्षको समयसीमाभित्र कम्प्याक्ट अन्तर्गतका आयोजनाहरू सफलतापूर्वक सम्पन्न हुने सुनिश्चित गर्नका लागि आवश्यक तयारी पूरा भएको जनाउने भएकोले एमसीसी कम्प्याक्टका सन्दर्भमा यसलाई महत्वपूर्ण कोशेढुङ्गाका रूपमा लिइन्छ ।

समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सबैलाई बधाई तथा शुभकामना दिँदै भन्नुभयो ''मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) परियोजनाले नेपाल र संयुक्त राज्य अमेरिकाबीच आर्थिक साझेदारीको नयाँ ढोका खुलेको छ । परियोजना कार्यान्वयनबाट नेपालको व्यापार सञ्जाललाई एशियासँग जोड्ने र नेपालको आर्थिक वृद्धि तथा गरिबी न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिएको छु ।  नेपालको विकासमा निरन्तर सहयोग र साथ उपलब्ध गराउँदै आएकोमा अमेरिकी सरकारप्रति धन्यवाद व्यक्त गर्दछु।''

सो अवसरमा माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले उल्लेख गर्नुभयो, "नेपालको विकासमा सघाउ पुऱ्याउने आयोजनाहरू सहितको एमसीसी नेपाल कम्प्याक्टले राम्रा सडक र थप भरपर्दो विद्युत् उपलब्ध गराएर नेपाली जनतालाई लाभान्वित गर्नेछ ।"

उक्त अवसरमा एमसीसीका प्रमुख कार्यकारी अधिकृत श्री एलिस पी. अल्ब्राइटले भन्नुभयो, "नेपालका लागि महत्वपूर्ण आर्थिक उपलब्धि हासिल गर्नका लागि यस कार्यक्रमसम्बन्धी लक्ष्य निर्धारण गर्नेसन्दर्भमा

हामीले नेपाल सरकारसँग सहकार्य गरेका थियौँ । निश्चित चुनौतीहरू सामना गर्दै कार्यक्रमलाई सफल बनाउनका लागि हामी प्रतिबद्ध साझेदारका रूपमा उभिन हामी तयार छौँ र यससन्दर्भमा नेपाल सरकारको नेतृत्व र यस कार्यक्रमको कार्यान्वयनका लागि जिम्मेवार निकाय एमसिए-नेपालप्रति पूर्ण विश्वस्त छौँ । यस कार्यक्रमबाट नेपाली जनताको जीवनमा पर्ने सकारात्मक प्रभाव हेर्न म निकै आतुर छु ।"

सो कार्यक्रममा नेपालका लागि अमेरिकी राजदूत श्री डीन आर. थम्पसनले भन्नुभयो, "एमसीसी नेपाल कम्प्याक्ट नेपाली जनताको आर्थिक विकासका लागि सहयोग पुऱ्याउने अर्को एउटा महत्वपूर्ण अमेरिकी पहल हो र नेपाल र अमेरिकाको ७६ वर्ष पुरानो सम्बन्धमा एउटा महत्वपूर्ण कोशेढुङ्गा हो ।"

आफ्नो तीन दिने नेपाल भ्रमणका क्रममा एमसीसीका प्रमुख कार्यकारी अधिकृत श्री अल्ब्राइटले कम्प्याक्ट कार्यान्वयनसँग सम्बद्ध नेपाल सरकारका उच्च अधिकृतहरू एवं विभिन्न सरोकारवालासँग भेट्नुका साथै जलवायु संरक्षणको महत्वमाथि जोड दिन वृक्षरोपण कार्यक्रममा सहभागी हुनुभयो भने मर्मतका लागि सजिलो र वातावरणका लागि राम्रो सुरक्षित यातायात सञ्जाल निर्माण गर्नका लागि जलवायुमत्रै एवं दिगो प्रविधि प्रयोग गर्नेसन्दर्भमा सडक विभागका प्रशिक्षार्थी इन्जिनियरहरूबाट भइरहेको कार्यको पनि निरीक्षण गर्नुभएको थियो । उहाँले नागरिक समाजका विभिन्न सदस्यहरू तथा युवा उद्यमीहरूसँग अन्तरक्रिया गर्नुका साथै जलविद्युत् उत्पादनमा संलग्न महिला उद्यमीहरूसँग अनुभव आदानप्रदान गर्नुहुँदै नेपालको आर्थिक विकासमा कम्प्याक्टले गर्ने योगदानमाथि प्रकाश पार्नुभएको थियो ।

नेपाल सरकार तथा एमसीसीबीच नेपालमा विद्युत् आपूर्तिको विश्वसनियतामा वृद्धि गर्ने विद्युत् प्रसारण आयोजना र यातायातको लागत घटाउने सडक मर्मत आयोजनाका लागि आर्थिक सहयोगसम्बन्धी सम्झौता एमसीसी नेपाल कम्प्याक्टमा २०७४ साल भदौ २९ गते हस्ताक्षर भएको थियो ।

- समाप्त -


***थप जानकारीका लागि :***

पुष्कर माथेमा
सञ्चारविज्ञ
एमसिए-नेपाल
ईमेल : *pushkar.mathema@mcanp.org*